# नेपाल राष्ट्र बैंक

सिद्धार्थनगर कार्यालय

**कार्यालयको निर्देशक आवास भवन लिलाम गर्ने**

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७८/०४/१५ गते

यस कार्यालयको आवास क्षेत्रको उत्तर पश्चिममा रहेको निर्देशक आवास भवन जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**लिलाम हुने कार्यालयको निर्देशक आवास भवनको विवरण**

| **शीर्षकको नाम**: लिलाम विक्री प्रयोजनार्थ सूचिकृत गरिएको काम नलाग्ने सामानको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कोड नं. | मालसमानको नाम | जम्मा थान | कैफियत |
| १. | | कार्यालयको निर्देशक आवास भवन भत्काई त्यहां निस्केको माटो ढुंगा लैजाने | १ | |

१. सिलबन्दी बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०७८/०४/२९ सम्म बैंकिङ्ग समय भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.५००।०० (अक्षरेपी पांच सय मात्र) तिरेर खरिद गर्न सकिने छ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७८/०४/३० सम्म (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउंसो १२:०० बजे भित्र यस कार्यालयवाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फारममा सिलबन्दी बोलपत्र सिद्धार्थनगर कार्यालयमा दाखिला गरी सक्नुपर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/०४/३० गते (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. सिलबन्दी बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको स.क्रे.हि. धरौटी (१९०९९३१/०११/००२/५२४) हिसाबमा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

६. लिलाम हुने कार्यालयको निर्देशक आवास भवन हेर्न/बुझ्न चाहेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक व्यक्तिले सिलबन्दी बोलपत्रको साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले इजाजतपत्र तथा फर्मको अद्यावधिक दर्ता प्रमाणपत्र (नविकरण गरिएको), स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपले स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ । लिलाम सम्बन्धी अन्य कुराहरु नेपाल राष्ट्र बैंक लिलाम निर्देशिका, २०६५ बमोजिम हुनेछ ।

नेपाल राष्ट्र बैंक<br>
सिद्धार्थनगर<br>
आन्तरिक प्रशासन फांट